प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ ,काठमाडौ

# प्रेस रिलिज्

## नेपाल बैक लिमिटेडका नवनियुक्त अध्यक्ष अधिकारीद्वारा शपथ ग्रहण

नेपाल बैक लिमिटेड संचालक समितिका नवनियुक्त अध्यक्ष वासुदेव अधिकारीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ । नवनियुक्त अध्यक्ष अधिकारीलाई लाई नेपाल राष्ट्र बैकका गभर्नर डा. चिरन्जीवि नेपालले नेपाल राष्ट्र बैकमा आयोजित एक समारोहका बीच शपथ ग्रहण गराउनुभएको हो । सो अवसरमा नेपाल राष्ट्र बैकका डेपुटि गभर्नरद्वय चिन्तामणि शिवाकोटी तथा शिवराज श्रेष्ठ, प्रवक्ता तथा कार्यकारी निर्देशक नारायण प्रसाद पौडेल, नेपाल बैक लिमिटेड्का संचालक दीपेन्द्र विक्रम थापा, नेपाल बैक लिमिटेड्का प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाह, नायव प्रमुख कार्यकारी अधिकृतद्वय दुर्गाराज रेग्मी तथा राजुनाथ खनाल लगायत नेपाल राष्ट्र बैक र नेपाल बैक लिमिटेड्का उच्च पदस्थ अधिकारीहरुको समुपस्थिति थियो । त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्रमा स्नातक, जनप्रशासन र नेपाली साहित्यमा स्नातकोत्तर उपाधी हासिल गर्नुभएका अधिकारी नेपाल राष्ट्र बैकका विभिन्न विभागमा ३० वर्षको कार्यानुभव संगाली कार्यकारी निर्देशकबाट गत २०७४ चैतमा सेवा निवृत्त हुनुभएको हो । स्मरण रहोस् यस अघि नेपाल बैक लिमिटेड् संचालक समितिको अध्यक्षमा जनार्दन शर्मा आचार्य हुनुहुन्थ्यो र आचार्यले गत २०७५ मंसिरमा आफनो ४ वर्षे कार्यकाल सफलतापुर्वक पुरा गर्नुभएको हो ।



(मुकुन्द अर्याल )
प्रेस संयोजक